निर्णयहरू:-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

१. जिल्लाभित्र कोभिड-१९ संक्रमितको संख्यामा क्रमिक वृद्धि हुँदै गइरहेको परीक्षण प्रतिवेदनबाट देखिएको सन्दर्भमा सबै क्षेत्रहरूलाई जनस्वास्थ्यका मापदण्डहरू पालना गरी उच्च सतर्कता अपनाउन आह्वान गर्ने ।

२. सबै स्थानीय तहहरूले आ-आफ्नो पालिकाका बृहद रूपमा खोप अभियान सञ्चालन गरी नागरिकहरूमा खोप लगाउने व्यवस्था प्रभावकारीरूपमा मिलाउने साथै PCR र Antigen परीक्षणको दायरा समेत बढाउने ।

३. कोभिड-१९ को सम्भावित तेस्रो लहरलाई मध्यनजर गर्दै सबै स्थानीय तहहरूले स्वास्थ्य पूर्वाधार एवं जनशक्ति र अक्सिजनको व्यवस्थापन गरी पूर्व तयारी अवस्थामा रहने ।

४. सरकारी कार्यालय एवं सार्वजनिक संस्थानहरूबाट प्रवाह हुने सेवालाई खोप अभियानसँग जोड्नका निम्ति सरकारी कार्यालय एवं सार्वजनिक संस्थानहरूले सेवा प्रवाहको क्रममा सेवाग्राहीहरूले कोभिड-१९ विरूद्धको खोप लगाए, नलगाएको यकीन गर्ने र खोप नलगाएको पाइएमा खोप लगाउन अनुरोध गर्ने ।

५. कोभिड-१९ विरूद्धको खोपको Coverage बढाउन प्रत्येक वडातहमा नियमितरूपमा खोप लगाउने वातावरण सुनिश्चित गर्न स्थानीय तहहरूलाई अनुरोध गर्ने र पूर्ण खोप सुनिश्चितता गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी